नेपालको कार्बन उत्सर्जन कार्यक्रम (रेडप्लस) सम्बन्धमा

# आदिवासी जनजातिको

# माग-पत्र



प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध रहने आदिवासी जनजाति जलवायु परिवर्तनले सर्वाधिक असर गर्ने समुदायभित्र पर्दछन् । त्यस्तै, रेडप्लस जस्ता जलवायु परिवर्तन सम्बोधनका कार्यहरूले उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई प्रभाव पार्ने जोखिम त्यत्तिकै हुन्छ । अतः रेडप्लसलगायत आदिवासी जनजातिलाई प्रभावित पार्ने परियोजनाहरू सञ्चालन गर्दा आदिवासी जनजातिको हित एवं अधिकारको सम्मान र सम्बोधन सुनिश्चित गर्न अन्तर्राष्ट्रिय स्तरमा विभिन्न नियम-कानून, सन्धि-सम्झौता र सुरक्षानीति बनेका छन् । त्यसअन्तर्गत मूलतः अन्तराष्ट्रिय श्रम संगठन महासन्धि १६९, आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्र, जैविकविविधता महासन्धि, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिअन्तर्गतका रेडप्लस क्यानकुन सम्झौतालगायत अन्य सम्झौताहरू र विश्व बैंकलगायत विभिन्न बहुपक्षीय निकायका सुरक्षा मापदण्डहरू आदि पर्दछन् ।

नेपाल रेडप्लसको तयारी चरण पूरा गरी कार्यान्वयन चरणमा प्रवेश गरिसकेको छ । हाल विश्व बैंकअन्तर्गतको वनकार्बन साझेदारी सहयोग (एफसीपीएफ) को आर्थिक सहयोगमा नेपाल सरकारले तराईका बागमती पश्चिमका १३ जिल्लाका नामहरू (कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलबस्तु, रूपन्देही, नवलपरासी, नवलपुर, चितवन, पर्सा, बारा र रौतहट) मा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम (ईआरपी) सञ्चालन गरिरहेको छ । यसै सन्दर्भमा नेपाल आदिवासी जनजाति महासंघले परियोजना क्षेत्रका आदिवासी जनजातिसँग रेडप्लससम्बन्धी उनीहरूको अधिकार र सो कार्यक्रमले पार्न सक्ने सम्भावित नकारात्मक असरहरूबारे छलफल र परामर्श कार्य सम्पन्न गरेको छ । सो छलफल/परामर्शका आधारमा र विशेषतः आदिवासी जनजातिका अधिकारसम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय कानूनी र नीतिगत प्रावधानहरूलाई समेत मध्यनजर गर्दै महासंघ तथा आदिवासी जनजातिहरूका सवाल एवं सरोकारहरू सम्बोधन गर्न नेपाल सरकार एवं रेडप्लस कार्यक्रमसँग सम्बन्धित निकायहरू समक्ष माग गर्दछ :

१. रेडप्लस कार्यक्रम क्षेत्रमा आदिवासी जनजातिले परापूर्वकालदेखि भोगचलन गर्दै आएका भूमि तथा अन्य प्राकृतिक स्रोतसाधनको अविछिन्न उपभोग गर्न पाउने र उनीहरूको अग्राधिकार सुरक्षित गरिनुपर्ने । साथै, त्यस्ता भूमि तथा क्षेत्रमा अवस्थित उनीहरूको धार्मिक एवं साँस्कृतिक स्थलहरूको संरक्षण र त्यहाँ आफ्ना धार्मिक तथा सांस्कृतिक परम्पराहरू निर्वाध रूपमा गर्न पाउने अधिकार सुनिश्चित गरिनुपर्ने ।

२. आदिवासी जनजातिको भूमि विशेष सम्बन्धलाई सम्मान गर्दै, उनीहरूको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी नलिई उनीहरूलाई आफ्नो पुख्यौली थलो वा क्षेत्रबाट विस्थापन वा वाध्यात्मक स्थानान्तरण गर्न नहुँने ।





३. रेडप्लस कार्यक्रमले राष्ट्रिय निकुञ्ज र अन्य संरक्षित/नियमन गरिएका वनबाट आदिवासी जनजातिलाई काठ, घाँसपात, जडीबुटी र धार्मिक महत्वका वन पैदावर संकलन र उपभोग गर्न बन्देज गर्न नहुने ।

४. आदिवासी जनजातिको वसोवास वनजंगल, खोलानाला, संरक्षित क्षेत्र/राष्ट्रिय निकुञ्ज आसपास हुने भएकोले राज्यले संरक्षणको नाममा आदिवासी जनजातिमाथि शारीरिक एवं मानसिक यातना र हिंसाका साथै आदिवासी जनजातिको भूमि अतिक्रमण र कब्जा गर्न नहुने ।

५. रेडप्लस कार्यक्रमले आदिवासी जनजातिको खाद्य सुरक्षा, खाद्य परम्परा र खाद्य सम्प्रभुत्ताको अधिकारको निरन्तरता र सम्मान सुनिश्चित गर्नुपर्ने ।

६. रेडप्लस कार्यक्रमले आदिवासी जनजातिमा निहित परम्परागत ज्ञान, सीप, उद्यम र अभ्यासलाई पुर्णरूपमा सम्मान गर्नुपर्ने र त्यस्ता ज्ञान, सीप र कलाको उपयोग र प्रबर्द्धन गर्दै आदिवासी जनजातिको आर्थिक-सामाजिक जीवनलाई सुदृढ गर्नुपर्ने ।

७. रेडप्लस कार्यक्रमका सबै तह र प्रक्रियामा अपांगता भएका आदिवासी जनजाति, महिला, युवालगायत समस्त आदिवासी जनजातिको समन्यायिक प्रतिनिधित्व, समावेशिता र पूर्ण तथा प्रभावकारी सहभागिता सुनिश्चित गरिनुपर्ने ।

८. प्रभावित आदिवासी जनजातिलाई परियोजनासँग सम्बन्धित जानकारीहरू उनीहरूले बुझ्ने भाषा र माध्यमबाट सम्प्रेषण गरिनुपर्ने ।

९. रेडप्लस कार्यक्रमले आदिवासी जनजाति समुदायको अर्थपूर्ण सहभागिताको लागि उनीहरूको प्रतिनिधिमूलक संस्थासँगको समन्वयमा रेडप्लससम्बन्धी सचेतना र क्षमता विकास कार्यक्रमहरू लागू गरिनुपर्ने ।

१०. रेडप्लस कार्यक्रमबाट प्राप्त आर्थिक र गैरआर्थिक लाभको बाँडफाँडमा आदिवासी जनजातिको समन्यायिक पहुँच सुनिश्चित हुनुपर्ने ।

११. रेडप्लस लाभांश बाँडफाँड संयन्त्रमा आदिवासी जनजातिको संस्थागत र सामूहिक प्रतिनिधित्व हुनुपर्ने ।

१२. रेडप्लस कार्यक्रमले आदिवासी जनजातिलाई केवल सरोकारवालाको रूपमा नभै अधिकारवालाको रूपमा लिनुपर्ने र अन्तर्राष्ट्रिय कानूनद्वारा स्थापित आदिवासी जनजातिका प्रथाजनित अधिकारलाई मान्यता दिनुपर्ने ।

१३. रेडप्लस कार्यक्रम सञ्चालन गर्दा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९, आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा-पत्र (UNDRIP), जैविक विविधता महासन्धि, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिअन्तर्गतका रेडप्लस क्यानकुन सम्झौतालगायत आदिवासी जनजातिको हित एवं अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय/राष्ट्रिय नियम-कानून, सन्धि-सम्झौता तथा सुरक्षानीतिको परिपालना हुनुपर्ने ।

**अँलँने/थुजेछे/होर्छे/नुगेन/धन्यवाद !**

***



NEFIN


**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

Climate Change Partnership Program

Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4515376

E-mail: **info@nefinclimatechange.org**

Website: **www.nefinclimatechange.org**

Support

FOREST CARBON PARTNERSHIP FACILITY

Partner

INDIGENOUS PEOPLES' INTERNATIONAL CENTRE FOR POLICY RESEARCH AND EDUCATION TEBTEBBA

2023